म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १२५ शनिबार २ पुस २०७९ ने. सं. ११४३ थिंलागा 17 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**साधारणसभा सम्बन्धी जरुरी सूचना**

यस संघको ५६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा आयोजना हुने भएकोले संघमा आवद्ध सम्पूर्ण सदस्यहरुलाई निमन्त्रणा पठाइएको छ । यदि निमन्त्रणा प्राप्त नभएमा पनि यसै सूचनालाई आधार मानि सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**निम्न:**
**मिति:** २०७९ पौष २ गते (शनिबार) ।
**समय:** बिहान ८:०० बजेबाट ।
**स्थान:** पल्पसा सभागृह, हेटौंडा-२, मकवानपुर ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२०३१०

# माटो, बालुवा र जमिन अतिक्रमणले इन्द्रसरोवरमा निम्तिँदै संकट

साझाकुरा संवाददाता



हेटौंडा, १ पुस/ देशकै ठूलो मानव निर्मित कुलेखानी जलाशय 'इन्द्रसरोवर'को मुहान क्षेत्रका क्रसर, खानी र जमिन अतिक्रमणका कारण संकटमा परेको छ ।

विद्युत नपुगेको अवस्थामा 'पावर ब्याकअप'का रुपमा नेपाल विद्युत प्राधिकरणले कुलेखानी जलाशयको पानीबाट विद्युत उत्पादन गर्दै आइरहेको छ । कुलेखानी जलाशयबाट कुलेखानी-प्रथम, कुलेखानी-दोस्रो र कुलेखानी-तेस्रोबाट विद्युत उत्पादन गरिरहेको हो । २०३८ सालमा विदेशी सहयोगमा निर्माण भएको कुलेखानी जलविद्युत आयोजना भविष्यमा संकट निम्तिने खतरा बढेको छ । जलाशयको मुहान् क्षेत्रमा सञ्चालित क्रसर उद्योग, चुन ढुंगा उत्खनन् कार्यले कुलेखानीको ४० वर्षे इतिहासमा गहिरो संकट देखा परेको हो ।

सरकारले कुलेखानी बसाउँदा यस क्षेत्रको लामागाउँका बासिन्दालाई मुआब्जा दिएर अन्यन्त्र व्यवस्थापन गरेको थियो । यहाँबाट बसोबास हटाइएपछि इन्द्रसरोबर गाउँपालिकातर्फ विशाल ड्याम उठाएर कुलेखानीको खाल्डोमा पानी भरिएको थियो । स्थानीयको जग्गा अधिग्रहण भएपछि कुलेखानीको जग्गा नेपाल विद्युत प्राधिकरणको नाममा ल्याइएको थियो । तर, कुलेखानीको अन्तिम भागमा पर्ने मार्खु क्षेत्रमा प्राधिकरणको जग्गामा अहिले अतिक्रमण चलिरहेको छ । स्थानीयले प्राधिकरणको जमिन अतिक्रमण गरी होटल तथा रेष्टुरेन्ट सञ्चालन गरिरहेका छन् ।

कुलेखानीको जमिन अतिक्रमण भइरहेता पनि मुहान् क्षेत्रका क्रसर उद्योगका कारण भने भविष्यमा विद्युत उत्पादनमै प्राधिकरणलाई समस्या पर्ने देखिएको छ । यही जलाशयबाट तीन वटा विद्युत गृह मार्फत् ६० मेगावाटको विद्युत उत्पादन हुँदै आइरहेको छ । नेपाल विद्युत प्राधिकरण कुलेखानी-प्रथमका प्रमुख धिरेन्द्र चौधरीले ४६ मिटर पानीको माथिल्लो सतहको पानी विद्युत गृहको टर्बाइनमा जाने गरेको बताएका छन् । जलाशयको १ सय १४ मिटर गहिराई रहेको उनको भनाइ छ । तर, उक्त गहिराई पुरिँदै आइरहेको हो ।

गहिराई पुरिँदै जानु र माथिल्लो सतहको पानीमात्रै प्रयोगमा आउने भएपछि कुलेखानी विद्युत आयोजनाले भविष्यमा पानी अभावकै कारण लक्ष्य अनुसारको विद्युत उत्पादन गर्न नसक्ने देखिएको छ । कुलेखानी-प्रथमका प्रमुख चौधरीका अनुसार कुलेखानी जलाशयमा ८५ लाख क्युविक मिटर पानी रहने क्षमता थियो । हाल ६२ लाख क्युविक मिटरमात्रै पानी सञ्चित हुने गरेको चौधरीले जानकारी दिए । कुलेखानीको बाँकी २३ लाख क्युविक मिटर पानी रहने क्षमता ह्रास भएको उनको भनाइ छ । यसो हुनुमा मुख्य कारण जलाशयको मुहान क्षेत्रमा क्रसर सञ्चालन हुनु, चुनढुंगा खानी र माटो उत्खनन् कार्य हुनु हो ।

आजभन्दा ४० वर्षअघि विद्युत उत्पादन गर्न हालको थाहा नगरपालिका, इन्द्रसरोवर गाउँपालिका क्षेत्रमा मुहान रहेका आधा दर्जन खोला, खहरेबाट बग्ने पानीलाई ड्याम बनाएर संकलित गरिएको थियो । अहिले यही मुहान क्षेत्रमा कुलेखानी आइपुग्ने बालुवा र पाँगो माटोको स्रोतका रुपमा क्रसर उद्योगहरु सञ्चालनमा छन् । थाहा नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका ४ वटा क्रसर र बालुवा खानीबाट उत्पादित मसिना ढुंगा, बालुवा, पाँगो माटो बगेर कुलेखानी जलाशयमा गएर मिसिने गरेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार जलाशयको मुहानहरुमा ४ वटा क्रसर उद्योग, बालुवा प्रशोधन तथा खानीहरु सञ्चालनमा छन् । यहाँबाट निस्किएका ढुंगा, बालुवा सबै बगेर तालमा थुप्रिँदा जलाशयमा २३ लाख क्युविक मिटर पानी रहने क्षमता ह्रास भएको हो । थेग्रिएको बालुवा ४६ मिटरभन्दा थोरै तल्लो भागसम्म आइपुगेमा पनि प्राधिकरणका विद्युत उत्पादन सबै कामै नलाग्ने अवस्थामा पुग्ने चौधरीले बताए ।

वर्षेनि जलाशयको पानी भण्डारण गर्ने क्षमता ह्रास हुँदै जाँदा पनि प्राधिकरण टुलुटुलु हेरेर बसेको छ । प्राधिकरणले मुहान् क्षेत्रमा सञ्चालित सबै क्रसर उद्योग र खानीहरु पहुँचवाला नेताको संरक्षणमा रहेको दाबी गरिएको छ । प्राधिकरण स्रोतका अनुसार कुलेखानीको मुहान् क्षेत्रअन्तर्गत् थाहा नगर पालिका-२, स्थित हाल आंशिकरुपमा सञ्चालनमा रहेको ऋषेश्वर बालुवा उद्योग, थाहा-५ मा पीएस बालुवा प्रशोधन उद्योग, थाहा-१, खानीगाउँमा साझा रोडा ढुंगा उद्योग पनि मुहान् क्षेत्रमै छ । १ नम्बर वडामै सिद्धि विनायक क्रसिङ उद्योग छ । यी सबै उद्योग र खानी राजनीतिक दलको आड भरोसामा सञ्चालन भइरहेकाले प्राधिकरणले एक्सन लिन नसकेको बताइएको छ ।

संघीय सरकारका खानी विभाग, जलाधार विभागहरुले मुहान् क्षेत्रमा क्रसर, बालुवा उद्योग खोल्न व्यवसायीहरुलाई कसरी स्वीकृति दिए भन्ने प्रश्न उब्जिएको छ । संघीय अन्तर्गत्को जलाधार व्यवस्थापन श्रोत केन्द्र सरकारले कुलेखानीमै राखेको छ । तर, संरक्षणका लागि बसेका कर्मचारीहरु जलाशय नै संकटमा पर्दा समेत चुपचाप देखिएका छन् । थाहा नगरका मेयर विष्णुबहादुर विष्टले केन्द्रीय सरकारका कार्यालयहरुले अनधिकृत रुपमा उद्योग खोल्ने अनुमति दिँदा आफूहरुले केही गर्न नसकेको बताए । विष्टले क्रसर, खानी सञ्चालनको अनुमति दिने अधिकारी स्थानीय तहसँग नभए पनि संघीय सरकारले रोक्दिनु भनेर पत्राचार गरेको अवस्थामा निर्देशन अनुसार काम गर्ने बताए ।

जलाशय क्षेत्रसहित प्राधिकरणको धोर्सिङ स्टेशन गरी कूल ३ हजार ४ सय ५१ रोपनी जग्गा छ । जसमध्ये २ दशमलव २ वर्ग किलोमिटरमा ताल क्षेत्र रहेको हो । ताल क्षेत्रको जमिनसमेत होटल र रेष्टुरेन्ट सञ्चालनको नाममा अतिक्रमण भएका छन् । यतिसम्मकी मार्खु क्षेत्रमा तालमाथि नै होटल खुलेका छन् । तर, प्राधिकरणले कुनै एक्सन लिएर आफ्नो जमिन अतिक्रमण हुनबाट रोक्न सकेको छैन । इन्द्रसरोवर ताल इन्द्रसरोबर गाउँपालिकामा पर्ने छोटो मार्गदेखि थाहा नगरपालिकाको १० नम्बर वडासम्म ८ किलोमिटर लम्बाईमा छ ।

पछिल्लो समय पर्यटकीय गन्तव्यका रुपमा यस क्षेत्र विकसित हुँदै गएपछि जलाशय क्षेत्रमा होटल लगायत संरचनाले जग्गा अतिक्रमण गरिरहेका हुन् । प्राधिकरणसँग आफ्नो जग्गाको कूल क्षेत्रफलबारे जानकारी भएपनि अतिक्रमणमा परेको लगत तथ्याङ्क पनि छैन । अहिले प्राधिकरणको स्वामित्वमा रहेको जग्गामै ठूलठूला होटल, रेष्टुरेन्ट खुलेका छन् । प्राधिकरणका अनुसार ताल क्षेत्रमा रहेका होटलहरु सबै स्थानीयहरुकै हो । तर, होटल तथा रेष्टुरेन्टहरुले जग्गा अतिक्रमण गरि सक्दा पनि प्राधिकरण मौन छ । कुलेखानी प्रथमका प्रमुख चौधरीले प्राधिकरणको कतै जग्गा मिचिएको देखिन्छ भनेर जवाफ दिए ।

# भूमिहीन चेपाङका समस्या बुझ्न जिसस प्रमुखदेखि सीडीओ पुगे गाउँ

साझाकुरा संवाददाता



हेटौंडा, १ पुस/ विगतका वर्षदेखि भोगचलन गर्दै आइरहेको जमिन आफ्नो स्वामित्वमा आउनुपर्ने माग राखेर जनप्रतिनिधि भेटेका चेपाङहरुको वास्तविकता बुझ्न सरोकार वाला निकायहरु गाउँ पुगेका छन् ।

जिल्लाको विकट राक्सिराङ गाउँपालिकामा शुक्रबार जिल्ला समन्वय समिति (जिसस) प्रमुख ललित घलान, राष्ट्रिय भूमी आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहाल, प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, जिसस उपप्रमुख सानुकाजी लुईटेललगायतका पदाधिकारीले निरीक्षण गरेका छन् । यसअघि जिसस प्रमुख घलानलाई भेट्न राक्सिराङ-३, स्थित घट्टेखोलाका २९ घरधुरी चेपाङहरु हेटौंडा आएका थिए । उनीहरुले तत्कालीन जिल्ला विकास समिति मकवानपुर र प्रजा विकास कार्यक्रमको पहलमा २०४७ सालमा स्थान्तरण गरेर राखेको जग्गाको भूस्वामित्व माग गरेका थिए ।

राक्सिराङका विभिन्न ठाउँमा रहेको जग्गा उपभोग गर्दै आइरहेको चेपाङहरुलाई नै दिलाउन पहल गर्ने र सुकुम्बासी चेपाङहरुको समस्या पहिचान गर्न सरोकार वालाहरुले शुक्रबार निरीक्षण गरेको गाउँपालिका उपाध्यक्ष अनुराग बनस्थमले जानकारी दिए । जिसस प्रमुखदेखि सीडीओहरुले राक्सिराङ गाउँपालिकाको घट्टेखोला, ठाडेचुरीमा स्थलगत निरीक्षण गरेका हुन् । गाउँपालिकाले चेपाङ समुदायले लामो समयदेखि झेल्दै आइरहेको समस्यालाई पहिचान गरी लालपूर्जा वितरण गर्न निरन्तर पहलकदमी गरिरहने उपाध्यक्ष बनस्थमले बताए ।

शुक्रबार जिसस प्रमुख घलान, उपप्रमुख लुईटेल, सदस्य विरेन्द्र लामा, प्रजिअ पाण्डे, आयोग जिल्ला अध्यक्ष दाहाल, आयोग जिल्ला सदस्य अर्जुनप्रसाद चौलागाई, राक्सिराङका वडा नम्बर ३ र ५ का वडा अध्यक्षहरु उत्तम वाईवा र हरिबहादुर प्रजा, जिल्ला मालपोत कार्यालय प्रमुख पूर्णहरि सुवेदी, नापी कार्यालय प्रमुख, सशस्त्र प्रहरी उपरीक्षक नेत्रबहादुर कार्की, जिल्ला र स्थानीय खाद्य अधिकार सञ्जालका संयोजकहरु क्रमश डा. सम्राट तुम्बाहाङ्फे र चित्रबहादुर थिङ लगायतले गाउँपालिकामा भूमिहीन चेपाङहरु बसोबास गर्दै आइरहेको स्थानमा निरीक्षण गरेका हुन् ।

चेपाङहरुसँग अर्न्तक्रिया समेत गरेका जिसस प्रमुख घलानले कानूनको दायराभित्र रहेर चेपाङहरुलाई गर्नुपर्ने सबै प्रकारको सहयोगमा कुनै कसुर बाँकी नराख्ने प्रतिबद्धता जनाए । भूमि आयोग जिल्ला अध्यक्ष दाहालले चेपाङलगायत अन्य सिमान्तकृत जातजातिका मानिसहरु हालसम्म पनि भूमिहिन र अव्यवस्थित रुपमा बसोबास गर्दै आएको भएर नै सरकारले भूमि आयोगको गठन गरेको बताए । उनीहरुको समस्या समाधान गर्नमा जिल्ला भूमि आयोग तयार रहेको उनको भनाइ थियो । प्रजिअ पाण्डेले आफ्नो तर्फबाट हुने सम्पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । समुदायको तर्फबाट रामचन्द्र प्रजाले भूमिहीन चेपाङहरुको अवस्था र आगामी दिनमा सरकारबाट गर्नुपर्ने सहयोगका सम्बन्धमा धारणा राखेका थिए ।

# श्रीमती कुटेर श्रीमानद्वारा आत्महत्या

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ मकवानपुर जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा श्रीमती माथि कुटपिट गरेर श्रीमानले विष सेवन गरी आत्महत्या गरेका छन् ।

घरमा श्रीमतीसँग झगडा गरेर कुटपिटपछि घाइते भएकी उनलाई उपचारका लागि अस्पताल पठाएर इन्द्रसरोबर गाउँपालिका घर भएका ३० वर्षीय युवकले विष सेवन गरेका थिए । बिहीवार राती ११ बजे इन्द्रसरोबर-५ खड्पुका बुद्धिराम बलामीले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । खड्पुस्थित नेवार गाउँ बस्ने बलामीले घरमा श्रीमती २४ वर्षीया आस्था बलामीसँग झगडा गरेको अनुसन्धानबाट खुलेको मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले बताए । बलामीले श्रीमतीलाई कुटपिटसमेत गरी घाइते बनाएर उपचारको लागि ललितपुरस्थित पाटन अस्पताल पठाएको उनले बताए ।

कुटपिटबाट घाइते बनेकी श्रीमतीलाई उपचार गर्न अस्पताल पठाएपछि बलामीले आफ्नै घरमा सेलफस नामक बिषादी सेवन गरी आत्महत्या गरेको डीएसपी कार्कीले जानकारी दिए ।

बलामीलाई अचेत अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । शुक्रबार बिहान १० बजेको समयमा प्रहरी घटनास्थल पुगेको थियो । घटनास्थललाई सुरक्षित राखेर इलाका प्रहरी कार्यालय पालुङले घटनाबारे अनुसन्धान गरिरहेको डीएसपी कार्कीले जानकारी दिए ।

# जिल्लास्तरीय भलिबल प्रतियोगिताको फाइनल खेल आज



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ जिल्लास्तरीय भलिबल प्रतियोगिताको फाइनल खेल आज शनिबार हुँदैछ ।

जेसीआई बसामाडीको आयोजनामा जारी जिल्लास्तरीय भलिबल प्रतियोगिताको फाइनल खेल आज हुन लागेको हो । शुक्रबार सेमिफाइनलअर्न्तगत्का दुई खेल सम्पन्न भएसँगै प्रतियोगिताको फाइनल समीकरण पूरा भएको थियो । हेटौंडा-४ हुप्रचौरस्थित भलिबल कोर्टमा भएको पहिलो सेमिफाइनल खेलमा बज्रबाराही युवा क्लबलाई हराउँदै विनयबाबु फाइनलमा प्रवेश गरेको थियो । विनयबाबुले बज्रबाराहीलाई ३-१ को सेटले हराउँदै फाइनलमा प्रवेश गरेको हो ।

यस्तै, दोस्रो सेमिफाइनल खेलमा आमभञ्ज्याङ्ग युवा क्लबलाई ३-२ सेटले हराउँदै आग्रा स्पोट्स क्लब फाइनलमा प्रवेश गरेको छ । अब उपाधिका लागि फाइनलमा शनिबार विनयबाबु र आग्राबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो १ बजे हुनेछ । प्रतियोगितामा प्रथम हुने टिमले नगद ६५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने द्वितीय हुने टिमले नगद ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर: ९८४५०२७०६४/९८५५०६८०३८**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

यही २०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म




सम्पर्क:
**९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम


**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# अमेरिकाले बनायो १०० गुणा तातो कृत्रिम सूर्य

## प्राप्त हुनेछ स्वच्छ र सस्तो ऊर्जा



कैयन् दशकको प्रयास पश्चात् अन्तत: अमेरिकी वैज्ञानिकहरुले कृत्रिम सूर्य बनाउन सफल भएका छन् । उक्त कृत्रिम सूर्य वास्तविक सूर्यको सतहभन्दा १०० गुणा बढि तातो छ ।

अमेरिकी ऊर्जा मन्त्रालयले यही १३ डिसेम्बर २०२२ मा एउटा अहम् घोषणा गरेको छ । मन्त्रालयका अनुसार केही दशक देखिको प्रयासपछि पहिलोपटक न्युक्लियर फ्युजनबाट अधिक ऊर्जा प्राप्त गर्नमा सफलता मिलेको छ । यद्यपि यसरी उत्पादित ऊर्जाबाट आम मानिसलाई फाइदा मिल्नका लागि भने समय लाग्नेछ ।

भविष्यमा यो प्रविधिको सहायताले ठूलो परिमाणमा स्वच्छ, प्रदुषणमुक्त ऊर्जा आपूर्ति गर्न सहज हुनेछ जुन सस्तो हुनुका साथै निरन्तर प्राप्त हुनेछ ।

मिसिगन विश्वविद्यालयमा परमाणु इन्जिनियरिङ विभागका सहायक प्राध्यापक क्यारोलिन कुरन्जले न्युक्लिएर फ्युजनबाट ऊर्जा उत्पादनको रेकर्ड तोडिएको बताएका छन् ।

**फ्युजन च्याम्बरमा के भयो ?**

न्युक्लियर फ्युजन एक परमाणु प्रतिक्रिया हो जहाँ दुईवटा परमाणुलाई जोडे एउटा वा एकभन्दा अधिक नयाँ परमाणुलाई केही कम द्रव्यमानमा तयार गरिन्छ । यसमा द्रव्यमानको अन्तरलाई ऊर्जामा परिणत गरिन्छ । त्यहाँ आइन्स्टाइनको EÖMC2 सूत्र लागू हुन्छ ।

प्रकाशको गति निकै अधिक हुन्छ । यस्तोमा परमाणुको कूल द्रव्यमानको एक सानो अंशलाई पनि ऊर्जामा परिणत गर्दा निकै धेरै ऊर्जा उत्पादन हुन्छ । यही प्रक्रिया न्युक्लियर फ्युजनमा हुन्छ ।

क्यालिफोर्नियास्थित नेसनल इग्निसन फ्यासिलिटीका शोधकर्ताहरुले पहिलोपटक यो क्षमताको प्रदर्शन गरेका छन् । यसलाई फ्युजन इग्निसन भनेर पनि चिनिन्छ । यो प्रयोग गर्नका लागि एउटा सुनको भाडोमा ड्युटेरियम तथा ट्रिटियमको अतिरिक्त न्युट्रोनसँग हाइड्रोजनका दुईवटा अणुबाट बनेको इन्धनको एक मिलिमिटर प्यालेटमा १९२ लेजर हानिन्छ ।

जब लेजर सुनको भाँडोमा ठोक्किन्छ तब त्यसले एक्सरे पैदा गर्दछ, जुन इन्धन प्यालेटको सिसाको घनत्वभन्दा २० गुणा अर्थात् ३० लाख डिग्री सेल्सियस भन्दा पनि बढी तातो हुन्छ । यो भनेको सूर्यको सतहभन्दा १० गुणा बढी तातो हो । यदि यो स्थितिलाई लामो समयसम्म राख्न सकिएमा इन्धन फ्युज भएर ऊर्जा उत्पादन हुनेछ ।

फ्युजन रिएक्सनमा सफलताको आँकलन गर्नका लागि भौतिक वैज्ञानिकहरुले फ्युजनको प्रक्रियाबाट उत्पन्न उर्जा र लेजरको भित्रको ऊर्जाको मात्राको बीचको अनुपातको तुलना गर्दछन् । यो अनुपातलाई लाभ भनिन्छ ।

गत डिसेम्बर ५ मा नेसनल इग्निसन फ्यासिलिटीले २० लाख जूल लेजर ऊर्जा १५ मिनेटका लागि पैदा गर्‍यो, जुन पछि बढेर ३० लाख जुल बन्यो । सन् २०२१ को अगष्टमा सोही परीक्षणमा त्यहाँ ०.७ लाभ प्राप्त भएकोमा पछिल्लो परीक्षणमा उक्त लाभ कीर्तिमानी करिब १.५ पुगेको छ ।

न्युक्लियर फ्युजनमा लगातार काम गर्नु आवश्यक हुन्छ र त्यसमा लगातार सुधार पनि सम्भव छ । सकारात्मक परिणाम हासिल गर्नका लागि वैज्ञानिकहरुले दशकौंदेखि काम गरिरहेका छन् ।

लेजरको आविष्कार सन् १९६० मा भएको थियो । सन् २००९ मा अमेरिकी सरकारले नेशनल इग्निसन फ्यासिलिटीको निर्माण पूरा गर्दा त्यो त्यसबेलाको सर्वाधिक शक्तिशाली लेजर सुविधा थियो । जुन अधिकतम १० लाख जूल ऊर्जा पूराउन सफल भएको थियो । त्यो क्षमता बढेर अहिले २० लाख जूल सम्म पुगेको छ । फ्युजनलाई स्थितिलाई निरन्तर कायम राख्नु चुनौतीपूर्ण हो तर भविष्यमा यो सम्भव छ । *(एजेन्सी)*

# साहित्य

## सोचाई



✍ ऋषिसन पाखिन

कक्षा : ९, नवोदय शिशु सदन

धेरै धेरै वर्ष अगाडिको कुरा हो । एउटा सिराहा भन्ने गाउँ थियो । त्यस गाउँमा मोहन भन्ने गाउँकै ठूलो व्यापारी पनि बस्थ्यो । मोहनको छोरो विदेश पनि आफ्नो पिताबाट प्रेरणा लिएर व्यापारतिर ध्यान नदिने गर्थ्यो । तर पढाइमा भने ध्यान दिन्थ्यो । विदेशको साथी ऋषिको सोचाइ पापी र घमण्डी खालको थियो । बिना सोचाइ, बुझाइ र देखाइको ऋषिले अरुलाई व्यवहार गर्थ्यो ।

ऋषिको यस्तो व्यवहारदेखि सबै छक्क परिसकेका थिए । केटाहरु सहित ऋषि र रिदेस पनि फुटबल खेलिरहेका थिए । रिदेसले ऋषिलाई दसैंको अवसरमा ऋषिसहित अरु साथीहरुलाई निमन्त्रणा पठाएको थियो । मोहन आफ्नो घर मा एक ठूलो व्यापारी भए तापनि सामान्य पोसाक लगाई धुलो फाल्ने काम गर्थ्यो र फूललाई पानी हाल्ने कार्य पनि गर्ने गर्थ्यो । दसैंको भोज खान आएका रिदेसका मित्रहरुले घरमा प्रवेश गरे ।

ऋषि बाहेक अरु सबैले रिदेसको बुबालाई चिन्थे । रिदेसको बुवा मोहनलाई धुलो सफा गरेको देखेर ऋषिले उसलाई नोकर भनेर होच्याएर बोल्यो । तर अरु साथीहरुले ऋषिलाई धुलो सफा गरिरहेका व्यक्ति रिदेसको पिता हुन् भनेर भन्छन् । उसलाई आफ्नो सोचाइ पनि पछुतो हुन्छ । त्यही क्षण उसले रिदेसको बुबा मोहनसित माफ माग्छ । मोहनले पनि उसलाई माफ गरेर भन्छ, यस संसारमा मानिसलाई कामले कहिले पनि सानो बनाउँदैन । सानो त मानिसलाई उसको नराम्रो सोचाइले बनाउँछ ।

त्यो दिनदेखि ऋषिले जीवनको महत्वलाई चिन्छ । निष्ठापूर्वक आफ्नो कार्य गर्छ । सोचाइ, बुझाइ र बोलाईका विशेष ध्यान दिन्छ । सबैले विस्तारै उसलाई मन पराउन थाल्छन् ।

## गजल



✍ मनिषकुमार महतो

कक्षा, १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट

मसालामा जीरा, धनियाँ र खुर्सानी चाहियो
आमालाई घरमा बुहारी खानदानी चाहियो

मजा आएन गुरु तपाईको गजल पढेर
अलि फरक किसिमको कहानी चाहियो

बर्षौ जिउँदो रहनु छ मलाई पनि त यहाँ
भ्यागुताले भन्यो कुवामा पानी चाहियो

यो जमाना कहाँबाट कहाँ पुगी सक्यो
छोरीलाई जिन्दस र छोरालाई शेरवानी चाहियो

लघुकथा

## यातना प्रेम

✍ कृष्ण बजगाईं

चुनाव पर्यवेक्षण गर्ने विदेशीको हुलमा एकजना नेपाली मूलका बेलायती नागरिक पनि थिए । बेलायतमै जन्मिए पनि नेपालको राजनीतिका बारेमा उनलाई खुब चासो थियो । चुनावको नतिजा नआउन्जेल उनले काठमाण्डौं छाडेनन् । चुनावी परिणामलाई सुक्ष्मरुपमा अध्ययन गर्न रेडियो, टिभी र पत्रिकाका अगाडि बसे ।

युवाहरुलाई बेरोजगार बनाई कामदारको रुपमा विदेश जान बाध्य पार्नेहरुलाई भोट हाल्न तिनै युवाहरु फर्की आएको अचम्मको दृष्य टिभीमा देखिसकेका थिए ।

भ्रष्टचारीहरु भारी मतले चुनाव जितेको समाचार पढेर रन्थनिए । ज्यानमाराहरुले विजय प्राप्त गरेको समाचार हेरेर निस्सासिए ।

गुण्डाहरुले चुनाव जितेर सडक थर्काएको सुन्दा मुरमुरिए ।

महँगी बढाएर जनताको ढाड सेक्नेहरु सम्मानित मतले निर्वाचित भएको थाहा पाएर आगो भए । जतिजति निर्वाचनको परिणाम आउँदै गयो उतिउति उनको रक्तचाप बढ्दै गयो । पुरै परिणाम आईनसक्दै अचानक उनी बेहोश भए ।

होशमा आएपछि आफूलाई अस्पतालको इर्मेजेन्सी वार्डमा देखेर डराए । 'के भयो मलाई ? किन यहाँ ल्याईयो ?' सामुन्ने उभिएकी नर्सलाई सोधे ।

'उच्च रक्तचाप बढेका कारण तपाईं बेहोश हुनु भएकोले अस्पताल ल्याइएको हो । त्यस्तो कुनै खतरा छैन । डाक्टरका अनुसार अब तपाई घर जान सक्नु हुन्छ ।' नर्सले छोटकरीमा बताईन् ।

ऊ ठिंग उभियो । नभन्दै आफू ठीक रहेको महशुस गर्यो । अस्पतालबाट बाहिर निस्केर होटल जान ट्याक्सी चढ्यो । ट्याक्सीको रेडियोमा उही चुनावी परिणामको विश्लेषण र सरकार बनाउने रस्साकस्सीको चर्चा हुँदै थियो ।

'महँगी बढाउनेलाई भोट ! ज्यानमारालाई भोट !! आततायीलाई भोट !!! मेरो रक्तचाप बढाउने समाचार बन्द गरेर अरु कुनै गीत लगाउनुहोस् ।' ड्राइवरलाई आदेश दिए ।

'के गर्नु हजुर, हामीहरु सायद यातना प्रेमी छौं होला । यातना दिन पाउँदा दिनेहरु खुशी हुन्छन् । यातना पाउँदा हामी पनि खुशी नै हुन्छौं । र त पटकपटक उनैलाई चुनावमा जिताउँदछौं । हामी दुईचारजनाले बल गरेर केही नहुने रहेछ ।' ट्याक्सी ड्राइवरले निराशा व्यक्त गर्दै अर्को स्टेशन ट्युन गर्यो ।

मियाबिवी राजी तो क्या करे पाजी... रेडियोमा हिन्दी गीत बजिरहेको थियो ।

**स्वास्थ्य/जीवनशैली**

# महिला यौनकर्मीलाई कहिलेसम्म अपराधी मानिरहने ?

**एक :** गाउँबाट आएका आफन्त (पुरुष) लिन सडकमा कुरिरहँदा समेत प्रहरीले समात्छ र थुनेर दु:ख दिन्छ । हामी हर समय यौनकर्मी हुँदैनौंह आमा, गृहिणी पनि हुन्छौं वा परिवारप्रतिको जिम्मेवारी निभाइरहेका विविध भूमिकाका पात्र पनि त हुन्छौं ।

**दुई :** प्रहरीले होटलमा छापा हान्यो, पक्रियो र यसरी पीडा (शरीरको नीलडामसहित सुन्निएको भाग देखाउँदै) दियो जसको औषधि अझै गर्दै छु । कारबाही गर्दा महिला प्रहरी पनि थिएनन् । एक दिन झापाकी साथीलाई आम्दा नेपालबाट सुरक्षित यौनसाधन (प्रेप, कन्डम) लिएर झोलामा बोकेकै आधारमा प्रहरीले कारबाही गरेछ ।

**तीन :** मैले ग्राहकलाई सेवा दिइरहेकै समयमा छापा हान्ने प्रहरीले मेरो ग्राहकलाई 'बेइज्जत गरिदिने' धम्की दिई पैसा असुलेर छोडिदियो तर मलाई थानामा पुर्‍यायो । छोड्ने बेला मसँग नम्बर लियो । भोलिपल्टदेखि 'मलाई खुसी पार्, नत्र ग्राहक खोज्ने र पर्खने त्यो ठाउँमा बस्न पाउँदिन्' जस्ता कुराहरू गर्न थाल्यो । हामीले यस्तो कैयन्चोटि भोगेका छौं ।

**चार :** हामीलाई मदिरा पिएर ड्युटीमा खटिएको प्रहरीले लखेट्छ तर हामीमाथि भएको हिंसाबारे उजुरी लिँदैन, बरु हाम्रो गोपनीयता भंग गरिदिने धम्की दिन्छ । यौनकर्मीका रूपमा सेवा दिँदा ग्राहकबाट हुने हिंसा, शोषण र जबरजस्तीबारे प्रहरीलाई भन्दा अनेक विशेषण दिइन्छ र 'तिमीहरूले गर्ने नै त्यही त हो' भनेर मजाकको विषय बनाइन्छ । न्यायका लागि ढोका ढकढकाउने ठाउँ नै छैन ।

**पाँच :** यौनकर्मको आम्दानीबाटै भए पनि सन्तानलाई पढाऊँ भन्यो, जन्मदर्ताको प्रमाण जुटाउन धौधौ छ । नागरिकता नहुँदा आफ्नो बैंक खाता छैन, सन्तानले नागरिकताविहीन बन्नुपरेको छ । नागरिकता नहुनुले धेरै थोकबाट वञ्चित पारेको छ हामी यौनकर्ममा संलग्नलाई ।

माथि उल्लिखित भोगाइहरू स्वासा नेपाल र नारी चेतना समाज (नेपालमा यौनकर्ममा संलग्न समुदायसँग काम गर्दै, यौनकर्मीको अधिकारको वकालत गर्दै आएका संस्था) मा भइरहेको छलफलमा उपस्थित महिला यौनकर्मीहरूका हुन् । आफूहरूप्रति परिवार र समाजले मात्र होइन, राज्यले समेत अपराधी सरह व्यवहार गरेको भन्दै उनीहरूले यौनकार्यलाई 'निरपराधीकरण' गरिनुपर्ने आवाज उठाउन थालेका छन् । यौनकर्मलाई राज्यतहले निरपराधीकरण गरिदिए उनीहरूले 'अपराधी' सरहको जीवनबाट मुक्ति पाउन सक्छन् ।

यौनकर्म नेपाली समाजमा निषेधित छ जसलाई महिला बेचबिखनको अपराधसँग जोडेरसमेत हेरिन्छ, जबकि यी दुई भिन्न पाटा हुन्। समाजले (कु)कर्म मानेको विषयलाई व्यवसाय बनाउनेहरूले मर्यादित र भेदभावबिनाको जीवन जिउने अधिकारबाट वञ्चित हुनुपरेको बारे सायदै सोचिन्छ ।

परपुरुष वा परस्त्रीको तुष्टिका लागि आफ्नो शरीर (विशेषत: महिलाको) उपयोग गरेर जीविका गर्ने काम-पेसालाई पछिल्लो समय महिलावादीहरूले पुँजीवादी पितृसत्तामक व्यवस्थाको शोषणको नयाँ रूप भनेर परिभाषित गरेका छन् । त्यस्तो व्यवस्था जहाँ 'सुन्दर मासुका टुक्राहरू' ले बनेको, खास गरी महिला शरीरलाई पुँजीवादी बजारमा बिक्रीमा राखिन्छ र मुनाफाकेन्द्रित मालिकद्वारा मोल तोकिन्छ । उनीहरूका अनुसार, पुँजीवादी पितृसत्ताले महिलाका अंगअंगको मोलमोलाइ मात्र नगरेर बिकाउ वस्तुमा परिणत गरिदिन्छ । अर्का थरीको विचारमा देहव्यापार र वेश्यावृत्तिलाई 'महिलाको शरीर महिलाको एकाधिकार/अधिकार' को नारासँग जोडेर हेर्नु गलत छ । सिद्धान्तत: राज्यले देहव्यापार गर्नुपर्ने माहोल बनाउनै हुँदैन भनेर बहस नहुने होइन, फेरि पनि व्यवहारमा देहव्यापार मजबुरी-'जबरजस्ती' रोजाइ-मजबुरीकै शृंखला बनेर चालु छ । यौनकर्मीहरूका माथि उल्लिखित भोगाइहरूबाट यस्तै लाग्छ ।

यस पेसालाई समाजले जति तीतो, जति तुच्छ विशेषणले उच्चारण गर्छ र नकार्छ, त्यति नै नकारिएको छ कानुनी रूपमा पनि । फलस्वरूप 'यौनकर्मीको अधिकार प्रथमत: मानव अधिकार' को सवाल हो भनेर सोचिएको छैन । महिला हिंसाविरुद्धको सोह्रदिने अभियानका बखत महिलाविरुद्ध हुने अनेक प्रकारका हिंसा, बलात्कार, शोषणका घटनादेखि हत्यासम्ममा केन्द्रित भएर विविध कार्यक्रम गरिन्छन्ह न्यूनीकरण/उन्मूलनका नीति/रणनीति केकस्ता हुनुपर्छ भन्नेबारे बहस हुन्छन्ह तर महिलाभित्रका विविधता र यसका विविध भोगाइलाई बेवास्ता गरिएको हुन्छ भनी आलोचना गरिन्छ । यसै सन्दर्भमा यौनकर्मी महिलाहरू प्रश्न गर्छन्- हामीले बाँचेको अमानवीय जीवनबारे कुन निकाय कहिले आवाज बनिदिन्छ ? के यौनकर्मी अधिकार मानव अधिकारको सवाल होइन ?

विकल्प नभएर होइन कि, 'बिग्रिएर' यौनकर्मी बनेको भन्ने धारणा बनाएका जोकोहीले यौनकर्म गर्नेहरूको जीवन नजिकबाट हेरे यौनलाई पेसा बनाउनु पछाडिका यावत् कारण थाहा पाउनेछन् । यौन पेसा अपनाइरहेका महिलाहरू प्रतिको तिरस्कारपूर्ण दृष्टिसमेत बदलिन सक्छ ।

यौनकर्मी हुनुका पीडा, इतिहास, पृष्ठभूमि हामीले कल्पना गरेभन्दा बिलकुल भिन्न हुन सक्छन् । अधिकांश महिला यौनकर्मी पिछडिएको र अशिक्षित समुदायबाट आएका छन् । घरेलु हिंसाबाट छुटकारा पाउन, आत्मनिर्भर बन्न हिँडेकाहरू सहरमा काम गर्ने होटलको मालिकको यौन प्यास मेट्ने साधन बन्न पुगेका छन् । छोराछोरी र आफूमाथि सौता हालिदिने लोग्नेको बेवास्ताका कारण सकसपूर्ण बनिरहेको दैनिकी सहज बनाउन जागिर खोज्दै भौंतारिनेहरू यौनकर्म अपनाउन बाध्य पारिएका छन् । दुर्घटनापछि अपांग बनेको श्रीमान्, वृद्ध सासूससुरा र लालाबालाको आवश्यकता पूर्ति गर्न केही विकल्प नमिलेपछि यौनकर्म अँगाल्नेहरू पनि छन् । वर्षौंसम्म गिट्टी-बालुवाको थुप्रोमा हड्डी रगड्दासमेत सुरक्षित बास बनाउन नसकेका, मृगौलापीडित श्रीमान्को उपचारको स्रोत जुटाउन असमर्थ भएका कतिपय पनि छालाको व्यापारमा होमिन पुगेका छन् । कमजोर आर्थिक अवस्थाको वज्र सहन नसकेर कतिपय 'जसरी हुन्छ कमाउँछु, पैसाको मुख देख्छु/देखाउँछु' भनेर शरीर बेच्न बाध्य बनेका छन् । वैदेशिक रोजगारीमा रहेको श्रीमान् सम्पर्कविहीन हुनु, परिवारको बुहार्तन खप्न नसक्नु अर्को कारण हो जसले जीवन गुजाराका लागि जागिर खोज्दाखोज्दै यौनसुख खोजिरहेको परपुरुषसँग ठोक्काइदिएको हुन्छ । शिक्षामा लगानी गर्न नसक्ने अभिभावकका कतिपय युवा छोरीहरू सहर पसेर यौनपिपासुका नजरबाट जोगिई हिँड्न नसकेपछि अनेक हन्डर र ठक्कर खाँदै यौनकर्ममा लाग्न बाध्य बनाइएका छन् ।

भूमिहीन समुदाय र वर्गका छोरी बुहारीहरूसँग शैक्षिक उकालो लाग्नका लागि धितो राख्ने जमिन हुँदैन, वृद्ध बाबुआमाको ओखती गर्ने आयआर्जनको स्रोत हुँदैन र त्यस्ता कतिपय आफ्नै शरीरलाई बेच्न विवश भएका हुन सक्छन् । तर त्यो कर्म यी सबैका लागि सुरक्षित र भरपर्दो छैन । यौनकर्मप्रति समाज, राज्य र विविध वाद/दर्शन अँगाल्ने बुद्धिजीवीको भाष्य परस्पर विरोधी छ, यथार्थवादी छैन । यही कारण उनीहरू अपराधी ठानिइन्छन्, उनीहरूमाथि दमन गरिन्छ र उनीहरूको मानमर्दन गरिन्छ, माथि उल्लेख भएजसरी । यसैले यस कर्मको निरपराधीकरणको सवाल उब्जिएको हो ।

नेपालको आधिकारिक तथ्यांकमा यौनकर्मीहरूको वास्तविक संख्या हराएको छ । तर एनसीएसीको सन् २०१६ को तथ्यांक अनुसार नेपालमा ५६ हजार यौनकर्मी छन् भने, अर्को अनौपचारिक अध्ययनले यौनकर्मीको संख्या झन्डै ४ लाख रहेको देखाएको छ । उनीहरूमध्ये कतिपयसँग समाज र संस्कारका हिसाबले 'तिरस्कृत र त्याज्य' यौनकर्मलाई छोडेर दोस्रो पेसा अपनाए पनि त्यहाँ आफ्नो विगत थाहा पाउने सहकर्मीबाट अवहेलना सहनुपरेका कारण पुन: यौनकर्ममै फर्किनुपरेको तीतो यथार्थ छ । परिवार र व्यक्तिगत जीवनको आधारभूत आवश्यकता पूरा गर्ने अभिन्न पाटो यौनकर्म बनाइरहेका महिलाहरू आफन्तजन र समुदायबाट कलंकित, अपहेलित, बहिष्कृत र विस्थापित छन्ह राज्यबाट दमित, असंरक्षित र सीमान्तीकृत तुल्याइएका छन् ।

मुलुकमा भरपर्दा आर्थिक अवसरहरूको सृजनाको लहर कहिले सुरु हुने हो ? अनौपचारिक क्षेत्रमा संलग्न हरकसैले खाद्यान्न, शिक्षा, औषधोपचार, आवास, लुगाफाटाजस्ता न्यूनतम आवश्यकताहरू ढुक्कले पूरा गर्न सक्ने गरी मासिक आय पाउने कहिले हो ? सबै मान्छेले एकै पटक एकै खालको जीवनस्तर हासिल गर्न सम्भव नहुने त समकालीन राष्ट्रिय विकास अनुभव र राजनीतिक माहोलले नै देखाउँछ । यसर्थ अवसरबिनाको कालखण्डमा कसैले कि जीवन त्याग्नुपर्‍यो कि त अस्तित्वरक्षाका लागि भेटिएका बाटाहरू हिँड्नैपर्‍यो । यी बाटाहरूमध्ये यौनकर्मको बाटो अन्तिम हुन सक्छ जहाँ हिँड्न सहज छैन । फेरि पनि कदमकदममा अपमानित भएर प्राण धानिरहेका छन् महिला यौनकर्मीहरू ।

लकडाउनका बेला ६९० महिला यौनकर्मीमा गरिएको एउटा अध्ययन अनुसार, ९० प्रतिशत यौनकर्मी आफ्ना बच्चाहरूको आधारभूत आवश्यकता पूरा गर्न यौनकर्मकै आयमा निर्भर छन् । यो यस्तो वर्जित कर्म हो, जहाँ एक्लै संघर्ष/श्रम गर्नुपर्छ र मौखिक सम्झौता अनुरूपको पारिश्रमिक माग्दा बदनाम गराइदिने धम्की दिने ग्राहक वा होटल/बार मालिकलाई सहनुपर्छ, जहाँ एचआईभी तथा यौन संक्रमण हुन सक्ने खतरा मोल्नुपर्छ, जहाँ यौनतुष्टि लिन आएका ग्राहकबाट बन्दकोठाभित्र जबरजस्ती र कुटपिट झेल्नुपर्छ, जहाँ प्रहरी-प्रशासनको धरपकड र गालीगलौज सुन्नुपर्छ, जहाँ सामाजिक सुरक्षा छैन । विविध प्रकारका मानसिक, मौखिक र शारीरिक दुर्व्यवहारको सामना गर्ने यौनकर्मीहरूलाई न्यायका लागि गुहार्ने, उत्पीडनमा मल्हम लगाइदिने निकाय छैन । नागरिकता नभएका कारण आफ्नो बैंक खाता नहुने र बचत गर्ने अवसर नमिल्ने बरु लुटपाटमा पर्ने सम्भावना ज्यादा हुन्छ । ठगिँदा र छलिँदा हिंसा वा शोषणमा पर्दा उजुरी गर्ने दरिलो आधार नागरिकता नभएकाले न्यायप्राप्तिको पहिलो संघारबाटै रित्तो हात फर्कन बाध्य छन् कतिपय ।

यौनकर्मी महिलाहरूका अनुसार, यौनव्यापारमा चिनिएको अघोषित इलाकामा ड्युटीमा खटिने प्रहरीको अतिरिक्त आम्दानी हुने गरेको छ । त्यो अतिरिक्त आम्दानी यौन सेवा दिने होटल वा यौनकर्मी वा उनीहरूका ग्राहकलाई धम्काएर हुनेमा शंका रहेन । एउटा अध्ययनले महिला यौनकर्मीमाथि अन्य पक्षबाट भन्दा राज्य (प्रहरी) पक्षबाट हुने हिंसा र शोषण कुल हिंसाको १६ प्रतिशत रहेको देखाएको छ । बाँकी प्रतिशत होटल मालिक, ग्राहक, प्रेमी, साथीहरू, घरमालिक, समुदायमाझ बाँडिन्छ । यही कारण पनि यौनकर्मी महिलाहरूमाथि हुने हिंसा बढिरहे पनि उजुरी लिनमा प्रहरी अधिकारीहरू र अन्य सेवाप्रदायकले बेवास्ता गर्ने गरेका छन् । यसले सामाजिक बहिष्कार र शक्तिको असमानता निरन्तर चलिरहेको देखाउँछ । मानव अधिकारको रक्षार्थ ढाल हुनुपर्ने, कसैमाथि हुने हिंसा रोकथाम तथा न्यूनीकरणका लागि पहल गर्नुपर्ने निकाय नै अमानवीय बनिरहनु निकै चिन्ताजनक छ ।

यौनकर्मलाई अँगाल्नुको सजायस्वरूप महिलाहरूले भोग्ने नीतिगत व्यावहारिक समस्याहरूको चाङ लामो छ । उनीहरूका हुर्किरहेका र हुर्किसकेका सन्तानले भोगिरहेका अप्ठ्याराहरू पनि छन् । यौनश्रमिकहरू जब आफ्ना सन्तानको नागरिकता बनाउन खोज्छन् र सम्बन्धित अधिकारीलाई बुबाको प्रमाण दिन असमर्थ हुन्छन्, तब सन्तानको नागरिकतामा 'बुबा थाहा नभएको' जनाउ दिइन्छ अनि 'बिनाबाबुको सन्तान' को कलंक लाग्छ सन्तानमा । र ऊ उपहासको पात्र बन्छ । यसले वंशाधिकारको भेदभावरहित प्रावधानको उल्लंघन मात्रै गर्दैन, आमाले भोगेको भेदभाव र उत्पीडनलाई सन्तानको भाग्य करार समेत गरिदिन्छ ।

महामारी या प्राकृतिक विपत्तिको सामना गर्न दिइने सरकारी तथा स्थानीय राहत सहयोग लिनबाट, स्वास्थ्य तथा सामाजिक सेवामा पहुँच हुनबाट नागरिकता, सम्पत्तिको स्वामित्व वा विवाहकै प्रमाणपत्र नभएकै कारण उनीहरू पाखा पारिन्छन् । यौनकर्मीहरू सामाजिक अवहेलनाको त्रासले चिनिन सक्दैनन् भने नागरिकता नभएका यौनकर्मीलाई राज्यले चिन्दैन । बेलाबखत निम्तिने यस्ता आपत्कालीन अवस्थामा आम्दानीको स्रोत गुम्छ र महिला यौनश्रमिकको अवस्था अझै दयनीय बन्न पुग्छ, जसबारे राज्य पूरै बेखबर छ ।

अब अपांग, दलित, सीमान्तीकृत समुदायका महिलाको हत्या र हिंसामा चिन्तित हुने सरोकारवाला निकायले यौनकर्ममा संलग्न महिलाको हत्या र मृत्युबारे पनि गम्भीर हुनु जरुरी छ । विविध मानसिक अवस्था, आघात र तनावबाट गुज्रने उनीहरूको आत्महत्याको दर बढ्दो छ । प्रतिबन्धित कर्मलाई आफ्नो गाँस र बासको मूल स्रोत बनाउनेहरू विभिन्न स्वास्थ्य समस्याबाट गुज्रिँदा पनि खर्च अभावमा उपचारविहीन भएर बाँच्न विवश छन् । राज्यतहबाट हरबखत जोखिमयुक्त यस कर्ममा रहेकाहरूका सवालको विश्लेषण गरिनुपर्छ । आफ्नो शैक्षिक स्तर नभए पनि वा कम भए पनि सन्तानको राम्रो भविष्यका लागि यौनकर्ममा होमिएका महिलाहरूमाथि हुँदै आएको शोषण र हिंसालाई राज्यका सम्बन्धित निकायहरूले बेवास्ता गर्नु हुँदैन । उनीहरूको न्यूनतम मानव अधिकारलाई ख्याल गर्दै सम्मानजनक वातावरणमा बाँच्न पाउने अवस्था सुनिश्चित गर्नुपर्छ । आर्थिक स्थिरता र सुरक्षाबिना महिला यौन श्रमिकहरू सधैं गरिबी र भोकमरीको सिकार नहोऊन् भनेर उनीहरूलाई आयआर्जन तथा उत्पादनमूलक कार्यक्रम तथा व्यावसायिक सीपमूलक प्रशिक्षणमा सहभागी बनाउनुपर्छ ।

शारीरिक बनावट, यौनिकता र सुन्दरतासँग सम्बन्धित यौनकर्ममा संलग्न महिलाहरूलाई पनि वर्गीकृत रूपमा हेर्न सकिन्छ । १८ वर्षदेखि ४६ वर्षसम्मका महिला यौनकर्मीहरूको आम्दानी उनीहरूको शिक्षा र शारीरिक सुन्दरताले निर्धारण गरेको पाइन्छ । तर शैक्षिक स्तर कम भएका, वयस्क र वृद्ध यौनकर्मीहरूलाई उनीहरूको श्रमबापतको भुक्तानीमा ग्राहक, होटल मालिकहरूले बेवास्ता गर्ने गरेको वास्तविकता पनि छ । यौनकर्मलाई निरपराधीकरण गरेमा न्यायपूर्ण श्रमज्याला निर्धारण गर्ने आधार तय हुन सक्छ ।

बढ्दो उमेरसँगै स्वास्थ्य जटिलता देखिने र सामाजिक सुरक्षाको कुनै प्रावधान नभएकाले वृद्ध यौनकर्मीहरू जोखिमपूर्ण जीवन बिताउन बाध्य छँदै छन्, उनीहरूका छोरीहरूले पनि प्राय: यौनकर्मलाई नै निरन्तरता दिने भएकाले यो जोखिम उनीहरूमा समेत दोहोरिने पक्का छ । यसबारे सोचिनुपर्छ । विकल्पहीन प्रतिबन्धले यौनव्यापार रोकिँदैन भन्नेबारे राज्य सचेत हुनुपर्छ र हाललाई यौनश्रममा परिस्थितिवश धकेलिएकाहरूको नागरिक र मानव अधिकारलाई संरक्षकत्व प्रदान गर्न यौनकार्यको निरपराधीकरण अविलम्ब गरिनुपर्छ । अनि मात्र उनीहरूमाथिका ज्यादती र लाञ्छना कम हुन सक्छन् । *(स्रोत: ई-कान्तिपुर)*

# बंशगोपालमा अनेरास्ववियु कमिटी



साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ स्थित, बशंगोपाल बहुमुखी क्याम्पसमा नेकपा एमालेनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को कमिटी गठन भएको छ ।

सुदीप लामाको अध्यक्षतामा १३ सदस्यीय अनेरास्ववियु क्याम्पस कमिटी गठन भएको छ । अनेरास्ववियु क्याम्पस कमिटी उपाध्यक्षमा सुवास राई, सचिवमा मनिका गौतम, सहसचिवमा ईशा रिजाल, कोषाध्यक्षमा अनुपा चौलागाई चयन भएका छन् ।

सदस्यहरुमा रिया विश्वकर्मा, अन्जु राई, सपना घिमिरे, सजना घिमिरे, रोजिना राई, आरजु राई र स्वस्तिका झा चयन भएको अनेरास्ववियु मकवानपुरका अध्यक्ष भुवन मैनालीले जानकारी दिए । कार्यक्रम अनेरास्ववियु हेटौंडा उपमहानगर कमिटीका अध्यक्ष नवराज शर्मा पौडेलको सभाध्यक्षतमा भएको थियो ।

कार्यक्रममा अनेरास्ववियु केन्द्रीय स्थायी कमिटी सदस्य सन्तोष पौडेलको प्रमुख आतिथ्यता थियो । पौडेलले विद्यार्थीहरुको हकहितका लागि निरन्तर अनेरास्ववियुले आवाज उठाउँदै आएको बताए । उनले राष्ट्रिय हितका सवालमा अनेरास्ववियुले निरन्तर खबरदारीसमेत गर्दै आएको बताए ।

कार्यक्रममा अनेरास्ववियु मकवानपुरका अध्यक्ष भुवन मैनाली, जिल्ला सदस्यहरु रामचन्द्र भ्लोन, प्रसिद्ध रेग्मी र अनेरास्ववियु हेटौंडा नगर कमिटी सहसचिव आदर्श पौडेल लगायतको आतिथ्यता थियो ।

# मकवानपुर बालविद्या सदनमा बाल क्लब गठन

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ हेटौंडा-१८ को मकवानपुर बालविद्या सदनमा बाल क्लब गठन भएको छ ।

शुक्रबार मकवानपुर बालविद्या सदनमा अध्ययनरत् कुसुम खड्काको अध्यक्षतामा २५ सदस्यीय समिति गठन भएको हो । क्लबको उपाध्यक्षतामा रबिना सापकोटा, सचिवमा सुहना खड्का, कोषाध्यक्षमा मौलिख श्रेष्ठ, सह-सचिवमा कृतज्ञ अधिकारी चयन भएका छन् । क्लबको सदस्यमा २० जना चयन भएको जनाइएको छ । बाल संरक्षकमा ननिता थापा चयन भएकी छन् । विद्यार्थीलाई कमिटी गठन प्रकृया, कार्य र जिम्मेवारीबारे अवगत गराई विद्यार्थीमा अतिरिक्त क्रियाकलापमा सक्रिय हुन मद्दत पुग्ने भएकोले बाल क्लब गठन गरिएको मकवानपुर बाल विद्या सदनका प्रधानाध्यापक सुदीपराज गिरीको भनाइ छ । बाल कमिटी गठनले हेटौंडा उपमहानगरपालिका अन्तर्गत् बाल मैत्री बनाउन सफल पार्ने सहयोगी हुने उनले बताए ।

# सानिमा बैंकको कार्यक्रममा ३४ जनाद्वारा रक्तदान

साझाकुरा संवाददाता




हेटौंडा, १ पुस/ सानिमा बैंकले आफ्नो १८ औं वार्षिकोत्सवको अवसरमा हेटौंडामा रक्तदान कार्यक्रम गरेको छ ।

बैंकले १८ औं वार्षिकोत्सवको अवसरमा शुक्रबार हेटौंडामा रक्तदान कार्यक्रम गरेको हो । सानिमा बैंक हेटौंडा शाखामा भएको रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेका छन् । शाखाका सम्बन्ध अधिकृत मधुसूदन अधिकारीले रक्तदान कार्यक्रममा ३१ जना पुरुष र ३ जना महिलाले रक्तदान गरेको जानकारी दिए । सानिमा बैंक हेटौंडा शाखाका प्रबन्धक रोशन मल्लको सभाध्यक्षतामा भएको रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाले प्राविधिक सहयोग गरेको थियो । अहिले हेटौंडामा रगतको अवस्था मध्यम रहेको रक्त सञ्चार केन्द्र हेटौंडाका प्राविधिक विष्णु रिमालले बताए ।

# ४४ कम्पनीले गर्छन् अर्बमाथिको आयात, धेरै ल्याउने स्टिल र अटो क्षेत्र




काठमाडौं/नेपालमा वार्षिक १ अर्बमाथिको आयात गर्नेमा ४४ वटा कम्पनी रहेका छन् । १९ खर्ब २० करोड रुपैयाँको आयात हुँदा ४४ कम्पनीले मात्रै १ अर्ब रुपैयाँमामाथिको आयात गरेका हुन् ।

नेपालमा ठूलो अंकमा आयात गर्नेमा स्टिल र अटो कम्पनी छन् । स्टिल उद्योगले बिलेट र स्पञ्ज आइरन आयात गर्छन् भने अटो कम्पनीले गाडी र पार्टपुर्जा ल्याउँछन् । यी कम्पनीको सबैभन्दा बढीको आयात हुने गरेको तथ्यांकले देखाएको हो । एउटै व्यावसायिक ग्रुपले विभिन्न कम्पनी स्थापना गरी वस्तु आयात गर्दै आएका छन् ।

आर्थिक वर्ष २०७८/०७९ भन्सारबाट सबैभन्दा बढी वस्तु आयात गर्ने कम्पनी पञ्चकन्या स्टिल छ । पञ्चकन्याले १ वर्षमा ८५ अर्ब ७६ अर्ब रुपैयाँको आयात गरेको छ । नेपालको पुरानो स्टिल कम्पनी पञ्चकन्या स्टिल प्रालि सन् १९९५ मा स्थापना भएको थियो । आर्थिक वर्ष २०७७/०७८ मा ५ अर्ब ५३ करोड रुपैयाँ सञ्चालन आम्दानी छ ।

भैरहवामा उद्योग रहेको पञ्चकन्याले मुख्य उत्पादन टीएमटी स्टिल बार गर्दै आएको छ । कम्पनीले २०७८ पुस अन्तिममा नयाँ प्लान्ट जडान गरेको छ । कम्पनीको उत्पादन क्षमता १ लाख ५० हजार मेट्रिक टन जडान गरेको छ । कम्पनीको अध्यक्ष प्रेम बहादुर श्रेष्ठ छन् भने प्रदिप कुमार श्रेष्ठ प्रबन्धनिर्देशक छन् ।

दोस्रोमा अम्बे स्टिल छ । १ वर्षमा कम्पनीले ८ अर्ब ३२ करोड रुपैयाँको आयात गरेको छ । सन् २००९ मा स्थापना भएको कम्पनीको उत्पादन प्लान्ट भैरहवामा छ । अम्बे स्टिलमा शोभाकर (हरी) न्यौपानेको ६० प्रतिशत लगानी हुँदा रमेशकुमार अग्रवाल र सज्जन कुमार अग्रवालले २५ प्रतिशत सेयर छ भने पूर्ण बहादुर पौडेलको १५ प्रतिशत छ । तेस्रोमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाको कम्पनी हुलास अटो क्राफ्ट छ । नवलपरासीमा दुईपांग्रे (बजाज मोटरसाइकल) उत्पादन गरिरहेको कम्पनीले ८ अर्ब २९ करोड रुपैयाँको वस्तु आयात गरेको छ । बजाजका पल्सर ब्रान्ड सबैभन्दा बढी बिक्री हुने गरेको छ । त्यस्तै, गोल्छा अर्गनाइजेसनकै हिम इलेक्ट्रोनिक्सले ३ अर्ब २६ करोड रुपैयाँको आयात गरेको छ । हिम इलेक्टोनिक्सले सामसङका टिभी, फ्रिज, वासिङ मेसिनलगायतको वस्तु आयात गर्दै आएको छ ।

चौथो बढी आयात गर्नेमा राजेश अग्रवाल सञ्चालक रहेको श्री स्टिल छ । श्री स्टीलले १ वर्षमा ६ अर्ब २७ करोड रुपैयाँबराबरको कच्चा पदार्थ आयात गरेको छ । सरकारले निर्यातमा छुट दिने घोषणासँगै केही टन स्टिल भारत निर्यात गरेको थियो ।

पाँचौंमा यामाहाको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेज छ । नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णु कुमार अग्रवाल सञ्चालक रहेको कम्पनीले १ वर्षमा ६ अर्ब २७ करोड रुपैयाँको आयात गरेको भन्सार विभागको तथ्यांकले देखाएको छ ।

त्यस्तै ५ अर्ब बढीको कारोबार गर्नेमा टाटा मोटर्सको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङ छ । यो कम्पनीले ५ अर्ब ४० करोड, अर्घाखाँची सिमेन्टले ५ अर्ब १३ करोड, इन्टिग्रेटेड मोबिलिटी सलुसनले ५ अर्ब १२ करोड र लक्ष्मी ग्रुपको सिद्धलक्ष्मी स्टिलले ५ अर्ब ५६ करोड रुपैयाँबराबरको वस्तु आयात गरेको छ । यता आईएमएस ग्रुप अन्तर्गतको इन्टिग्रेटेड मोबिलिटी सोलुसन सामसङ मोबाइलको आधिकारिक बिक्रेता हो ।

**बढी आयात गर्ने स्टिल र स्पात उद्योग**

नेपालमा खपतभन्दा बढी स्टिल उद्योगको क्षमता छ । प्राइम बिलेटसँगै स्पन्ज आइरन आयात गरी कम्पनीले स्टिलजन्य उत्पादन गरिरहेको छ ।

राजेश हार्डवेयर ग्रुपको लगानी रहेको गोयल स्पातले १ वर्षमा ४ अर्ब ४ करोड रुपैयाँको वस्तु आयात गरेको छ । कम्पनीको अध्यक्षमा सुमन अग्रवाल र महाप्रबन्धकमा सुशील अग्रवाल छन् ।

बढी आयात गर्ने स्टिल उद्योगमा गोयन्का स्टिलले ३ अर्ब ७४ करोड रुपैयाँ रहेको छ । गोयन्का ग्रुपको लगानी रहेको कम्पनीमा राम गोपाल गोयन्काका २ छोराले व्यवसाय सञ्चालन गरिरहेका छन् । टीएमटी स्टिल उत्पादन गर्ने कम्पनीमा अमित कुमार गोयन्का र अजय गोयन्कामातहत पूरै सेयर स्वामित्व छ । सौरभ ग्रुपअन्तर्गतको लक्ष्मी स्टिलले २ अर्ब ६३ करोड रुपैयाँको बिलेट तथा स्पञ्ज आइरन आयात गरेको छ । कम्पनीमा विष्णु अग्रवाल र अग्रवाल परिवारको तर्फबाट मिना कुमारी अग्रवाल र नेहा कुमारी अग्रवालको सेयर छ । ओमपकाश अग्रवालले स्थापना गरेको सिद्धिविनायक स्टिलले वार्षिक २ अर्ब १ करोड रुपैयाँको आयात गरेको छ । त्यस्तै एसआर स्टिलले १ वर्षमा १ अर्ब ५४ करोड रुपैयाँको वस्तु आयात गरेको छ ।

**अटो क्षेत्रका कुन कम्पनी कति आयात गर्छन् <**

अटो क्षेत्रका धेरै कम्पनीले ठूलो परिमाणको आयात गर्छन् । यसरी आयात गर्नेमा हुलास अटोक्राफ्ट, सिप्रदी, एमएडब्लु, होन्डाको आधिकारिक विक्रेता स्याकार ट्रेडिङलगायत छन् ।

स्याकारले ४ अर्ब ७२ करोड, कियाको आधिकारिक बिक्रेता कन्टिनेन्टल ट्रेडिङले २ अर्ब ४४ करोड रुपैयाँको आयात गरेको छ । परिसंघकै अध्यक्ष अग्रवालको एमएडब्लु अर्थ मुभर्सले २ अर्ब ४३ करोड रुपैयाँको आयात गरेको छ । एडएडब्लु अर्थ मुभर्स हेभिइक्विपमेन्ट जेसीबीको आधिकारिक बिक्रेता छ ।

महिन्द्राको आधिकारिक बिक्रेता अग्नी इन्कर्पोरेटेडले गत आर्थिक वर्षमा १ अर्ब ६१ करोड रुपैयाँको आयात गरेको थियो । त्यस्तै गोल्छा ग्रुपकै हंसराज हुलास एन्ड कम्पनीले १ अर्ब १४ करोड रुपैयाँको मोटरसाइकल आयात गरेको थियो । हुन्डाईको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.लिले १ अर्ब २१ करोड रुपैयाँको वस्तु आयात गरेको छ ।

(स्रोत: अनलाइखबर)

# पर्यटन क्षेत्र नाफामा

काठमाडौं/नेपालबाट विदेश घुम्न जानेहरु भन्दा नेपाल आउने पर्यटकले गर्ने खर्च बढी हुँदा पर्यटन क्षेत्र नाफामा देखिएको छ ।

नेपाल राष्ट्र बैंकको चालु आर्थिक वर्ष (आव) २०७९/८० को पहिलो चौमासिक तथ्यांक अनुसार पर्यटन क्षेत्र नाफामा देखिए पनि समग्र सेवा क्षेत्र भने २३ अर्ब ३० करोड रुपैयाँले घाटामा छ । यसो हुनुमा शिक्षामा ठूलो रकम विदेशिनु हो । नेपालले कात्तिक मसान्तसम्म विदेशी पर्यटकबाट १७ अर्ब ९६ करोड रुपैयाँ आम्दानी गरेको छ । यो अघिल्लो आव २०७८/७९ को तुलनामा १३७ प्रतिशत धेरै हो । सो आवमा यस अवधिमा मात्र ७ अर्ब ५८ करोड रुपैयाँ आम्दानी भएको थियो ।

समीक्षा अवधिमा भ्रमण व्यय भने ३३ अर्ब ६ करोड रुपैयाँ रहेको छ । जसमा शिक्षामा २२ अर्ब ६१ करोड विदेशिएको छ । यसअनुसार १० अर्ब ४५ करोड रुपैयाँ भने नेपालीले विदेश घुमफिरमा खर्च गरेका छन् । अघिल्लो आवको यसै अवधिमा भ्रमण व्यय २० अर्ब १९ करोड रुपैयाँ थियो । जसमा शिक्षाका लागि विदेशिएको रकम १० अर्ब ७० करोड थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## विश्वकप-२०२२

# मेस्सीको सुखद विदाईका लागि एकतावद्ध छ अर्जेन्टिनी टिम

काठमाडौं/विश्वकप २०२२ मा क्रोएसियालाई ३-० ले हराउँदै अर्जेन्टिना फाइनल पुग्यो । फाइनल पुग्नुमा मेस्सीको एक पेनाल्टी गोल र असिस्ट निकै निर्णायक रह्यो । उनी उक्त खेलमा 'म्यान अफ द म्याच' पनि बने । फाइनलपछि अर्जेन्टिनी टिमले एउटा सिधा लहर बनेर समर्थकसँग खुसी साँटे



अर्जेन्टिनी टिम फाइनल पुग्नुको अर्को र सम्भवत: प्रमुख कारण भनेको टिममा बढ्दै गएको एकता हो । मेस्सीले विश्वकपमा कीर्तिमान बराबरी गर्ने आफ्नो २५औं खेलको खुसी अर्कै थियो । मेस्सीले एकैछिन रोकिएर त्यो सेतो र नीलो मिसिएको एक लहर र समर्थकको तरंग नियाले ।

अन्तिम सिटी पछि उनको अनुहारमा एक निर्दोष हाँसो आएको थियो । किनभने उनले एक पटक फेरि फाइनलमा आफ्नो टिमलाई जिताउने मौका पाएका छन् ।

१६ वर्षको समय सानो कालखण्ड होइन । यतिबेला मेस्सी फाइनलमा आफ्नो टिमलाई जिताएर विश्व विजेताको ट्रफी उचाल्ने मौकातर्फ अग्रसर भएका थिए । केही वर्ष मेस्सीले राम्रो प्रदर्शन गर्न सकेनन् । कहिले चोट त कहिले खराव लयले सताइरह्यो । जति पीडा उनले सहे त्यति नै पीडा उनको टिमले पनि भोग्यो । केही असक्षम प्रशिक्षकको हातमा परेर नतिजाविहीन जस्तै बनेको थियो ।

मेस्सी नचल्दा अन्य स्टार खेलाडीले पनि टिममा राम्रो प्रदर्शन देखाउन सकेनन् । २०१८ को विश्वकपमा खेलाडी प्रशिक्षकबीचको असमझदारीले मैदान भित्र र बाहिर पनि राम्रै चर्चा कमायो । टिममा भएको असमझदारीको प्रभाव २०१८ को विश्वकपमा अर्जेन्टिना अन्तिम १६ बाटै घर फर्कायो ।

२०२२ कतार विश्वकपमा भने टिमको एकता बेजोड देखिएको छ । मेस्सीको अन्तिम विश्वकप रहेको भएर पनि उनीहरु टुक्रा टुक्रा नभई पहिलेकै स्थानमा एकत्रीत देखिन्छन् ।

मेस्सीले गएको मंगलबार आफ्नो फुटबल जादुले लुसेल स्टेडियम जगमग बनाए । क्रोएसिया विरुद्धको जित अर्जेन्टिनाको टिमको एकताको कारणले पनि सम्भव भएको हो । यो विश्वकप प्रशिक्षक लियोनल स्कोलोनीको लागि पनि सकरात्मक पक्ष हो । उनले थपेका नयाँ खेलाडीको एक समूहले मैदानमा आफ्नो भूमिका जिम्मेबारीका साथ निर्वाह गर्दा पनि अर्जेन्टिना यसपल्ट बलियो देखिएको हो । यो कुरा गोलकिपर मार्टिनेजले पनि स्वीकार गरेका छन् ।

'मलाई लाग्छ यो हालको अर्जेन्टिनी टिम तागतको साथै बुद्धिमान पनि छ । यी खेलाडीहरुलाई थाहा छ कतिबेला प्रेसर लिने, कतिबेला बल कहाँ, कसरी रिलिज गर्ने । कतिबेला कुन अवस्थामा कसरी खेलने भन्ने जान्दछन्,' मेस्सीले भने, 'यो टिम प्रशिक्षण योग्य छ । मौकाको सदुपयोग गर्न कुनै मौका छोड्दैनन् ।'

अर्जेन्टिनी रक्षापंक्तिको बचाउ क्षमता उत्कृष्ट छ । निकोलस ओटामेण्डी, क्रिस्टियन रोमेरो, लिसेन्द्रो मार्टिनेजले अहिलेसम्म विश्वकपमा शानदार खेलिरहेका छन् । २४ वर्षीय राइट ब्याक नहुएल मोलिनाले ७० यार्डबाट क्रोयसियाका डिफेन्डरलाई छक्याएर बल पास दिएका थिए ।

अर्जेन्टिनाको मिडफिल्डले मैदानमा यसरी कब्जा बनाएको थियो कि जसले क्रोएसियाका खेलाडीलाई पूरै आफ्नो कब्जामा राखिरहेको थियो । क्रोएसियाका मिडफिल्डर माटेओ कोभासिच, मार्सेलो ब्रोजोविच र लुका मोड्रिचलाई खेलमा गतिशीलता बढाउन रोकिरहेका थिए ।

अर्जेन्टिनी २२ वर्षीय फर्वाड जुलियन अल्वारेज एक उत्कृष्ट खेलाडीको रुपमा मेस्सीलाई अगाडिबाट सघाइ रहेकाछन् । क्रोयसियासँगको खेलमा २ गोल गर्दै टिमलाई फाइनल पुऱ्याउने यी युवा खेलाडीबारे मेस्सीको टिप्पणी यस्तो छ, 'उनी युवा खेलाडी हुन्, मैदानमा सबैतिर भ्याइरहेका थिए । लडिरहेका थिए, चोट पनि लागि रहेको थियो ।'

उनको गतिले मेस्सीको गतिलाई कभर गरिरहेको थियो । अल्वारेजबारे प्रशिक्षक स्कोलोनी भन्छन्, 'उनी युवा खेलाडी हुन्, निश्चय पनि उनी विश्वमा नाम राख्न चाहन्छन् ।'

सामान्यत: मेस्सी अन्य खेलाडीभन्दा कम कुद्छन् । मैदानमा सामान्य खेलाडीले ५.१२ मिलको दुरी तय गरेका हुन्छन् । फिफा ट्रेकिङ डेटाका अनुसार उनी ९० मिनेटको समयमा ४.४ माइल प्रतिघण्टा भन्दा कम दौडिने उनी एक मात्र खेलाडी हुन् ।

मेस्सीको कम गतिलाई उनका साथी खेलाडीले अनुभव हुन दिँदैनन् । मेस्सीले उनीहरुलाई अथक तरिकाले दौड लगाउन प्रेरित गरेको बताउने गर्छन् । मेस्सीको खुट्टाको क्षमतालाई बचाउने र चाहिने बेलामा प्रयोग गर्ने तथा जित निकाल्न निकै महत्वपूर्ण हुन्छ । यो कुरा मेस्सीले क्रोएसियाविरुद्धको खेलमा प्रमाणित पनि गरे । 'म मैदानमा हुँदा मेस्सीलाई कम कुद्न परोस् भन्ने कुरालाई म निकै ख्याल राख्छु ।' मेस्सीको 'बडीगार्ड'का रुपमा चिनिएका अर्जेन्टिनी मिडफिल्डर रोड्रिगो डी पाउल भन्छन्, 'कम तनावमा उनलाई धेरै खेल्ने मौका कसरी दिने भन्नेमा मेरो ध्यान हुने गर्छ । हामीले एक नजरबाटै एक अर्काको कुरा बुझ्छौं ।'

अर्जेन्टिनी लेफ्ट ब्याक टेगिलयाफिको भन्छन्, 'हामी धेरैजसो फर्मेसनको कुरा गर्छौं । ४-२-३-१, ३-५-२ र ४-४-२ यसमा नै खेल कसरी खेल्ने खेलाडी कसरी चलने सबै निर्भर हुन्छ । यसै अनुसार नै हामी खेल्छौं, एक खेलाडीले भने त्यो शैली तोड्ने काम गर्छौं ।'

यो टिम पहिलाको टिमभन्दा परिष्कृत छ । टिमलाई एकीकृत बनाउन प्रशिक्षक स्कालोनीले नै मुख्य भूमिका खेलेका छन् । सन् २००६ को विश्वकपमा सँगै खेलेका प्रशिक्षकको प्रशंसा गर्दै मेस्सी भन्छन्, 'हामीले हारेनौं । किनभने हामीलाई थाहा छ, खेलको हरेक मिनेटमा के गर्नुपर्छ ।'

पहिलो खेलमा साउदी अरेबियासँगको हारयता लगातार जित निकाल्दै मंगलबार यो टिमले क्रोएसियालाई पराजित गरेर फाइनल पुगेको हो । गोलकिपर इमिलियानो मार्टिनेजले मंगलबारको खेललाई आफ्नो टिमले खेलेको हालसम्मकै एकीकृत खेल रहेको बताए ।

यो टिमले अब एक खेल मात्रै खेल्न बाँकी छ । मेस्सीको राम्रो विदाईका लागि टिमले निकै मिहिनेत गरिरहेको छ । उनले पछिल्ला केही वर्षमा समय र परिस्थिति अनुकुल नहुँदा सफल नतिजा निकाल्न सकेका थिएनन् ।

अब भने टिम नै उनलाई विश्वकपको उपाधिसहित एक सम्झनायोग्य पल दिने तर्फ अगाडि बढिरहेको छ । 'टिमको उद्देश्य प्राप्त गर्नु नै महत्वपूर्ण कुरा यो हो । हामी त्यो लक्ष्य पूरा गर्न एक खेल मात्र पर छौं,' मेस्सीले भने ।

स्रोत: अनलाइनखबर

# विश्वकपको फाइनल पोल्याण्डका रेफ्री साइमनले खेलाउने

काठमाडौं/फिफा विश्वकपको फाइनल खेल पोल्याण्डका रेफ्रि साइमन मर्चिनियाकले खेलाउने भएका छन् ।



आइतबार राति हुने अर्जेन्टिना र फ्रान्सबीचको फाइनल खेल साइमनले खेलाउने फिफा र पोलिस फुटबल एसोसियसनले बताएको हो ।

४१ वर्षिय साइमनले सन् २०१८ को रसिया विश्वकपमा डेब्यु गरेका थिए । साइमनले यसअघि नकआउट चरणमा अर्जेन्टिना र अष्ट्रेलियाको तथा समुह चरणमा फ्रान्स र डेनमार्कबीचको खेल खेलाएका थिए । फाइनल खेल अल दायनस्थित लुसैल स्टेडियममा राति ८:४५ बजे सुरु हुनेछ ।

उनलाई पावेल सोकोलनिकी र थोमसले असिस्ट गर्नेछन् । फोर्थ अफिसियलमा इस्माइल एल्फाथ छन् ।

यसअघि अर्जेन्टिना र नेदरल्याण्ड्सबीचको क्वार्टर फाइनल र फ्रान्स र मोरक्कोबीचको सेमीफाइनल खेलाउने रेफ्रिविरुद्ध उजुरी परेको थियो।

(स्रोत: नेपालखबर)

**"तपाईं हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेबसाइडमा: www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेबसाइटमा सजिलै पढ्न सकिने छ ।

# यी हुन् बागमती प्रदेशको दोस्रो कार्यकालको सांसद्हरु

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ बागमती प्रदेशसभाको दोस्रो कार्यकालका लागि एकसय १० सांसद् चुनिएका छन् ।

मंसिर ४ गते भएको निर्वाचनबाट प्रदेशसभाको दोस्रो कार्यकालका लागि एकसय १० सांसद् चुनिएका हुन् । निर्वाचन आयोगले बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै प्रदेशसभाको अन्तिम नतिजा सार्वजनिक गरेको थियो । आयोगले आज शनिबार बागमती प्रदेशको प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई प्रदेशसभामा निर्वाचित सांसद्हरुको विवरण बुझाउन लागेको छ ।

आयोगले प्रदेश प्रमुखलाई निर्वाचनको नतिजाको विवरण बुझाएसँगै प्रदेशमा सरकार गठनको प्रक्रिया सुरु हुनेछ । आयोगले प्रदेशसभामा निर्वाचित सांसद्हरुको विवरण पाएपछि प्रदेश प्रमुखले बहुमत प्राप्त दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नेछन् । तर, प्रदेशसभामा कुनैपनि दलको एकल बहुमत नपुगेको खण्डमा बहुमत पुऱ्याएर सरकार गठनका लागि आह्वान गर्ने संवैधानिक व्यवस्था रहेको छ । बागमती प्रदेशमा कुनैपनि पार्टीले एकल बहुमत पाउन सकेको छैन । कुनैपनि पार्टीले एकल बहुमत प्राप्त नगर्दा एउटामात्रै पार्टीले सरकार बनाउन सक्ने अवस्था छैन । बागमती प्रदेशमा सत्ता गठबन्धनसँग बहुमत रहेकोले गठबन्धनको सरकार बन्ने देखिन्छ । सरकार बनाउन ५६ सांसद्को समर्थन चाहिनेमा गठबन्धनसँग ६५ सांसद् छन् ।




बागमती प्रदेशसभामा सत्ता गठबन्धनको नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ । ०७४ मा भएको प्रदेशसभा निर्वाचनमा प्रत्यक्ष ७ र समानुपातिक तर्फ १४ गरेर २१ सिटमा सीमित बन्दै तेस्रो बनेको कांग्रेस यसपटक प्रत्यक्ष र समानुपातिक गरेर ३७ सिटसहित ठूलो दल बनेको हो । ०७४ मा प्रत्यक्षमा ४२ र समानुपातिकमा १६ सिट गरेर ५८ सिटसहित बहुमत प्राप्त गरेको नेकपा एमाले यसपटक प्रत्यक्ष र समानुपातिक गरेर २७ सिटमा सीमित बन्दै दोस्रोमा झरेको छ । त्यस्तै, प्रदेशसभाको पहिलो कार्यकालमा प्रदेशसभामा दोस्रो बनेको नेकपा माओवादी केन्द्र यसपटक २१ सिटसहित तेस्रोमा खुम्चिएको छ । यसअघि ०७४ मा प्रत्यक्षमा एकसिट पनि नजितेको राष्ट्रिय प्रजातन्त्र पार्टी यसपटक प्रत्यक्ष र समानुपातिक सहित १३ सिट प्राप्त गर्दै चौथो पार्टी बन्न सफल भएको छ ।

एमालेबाट विभाजन भएर नेकपा एकीकृत समाजवादी (एस) पार्टी ७ सिटमा खुम्चिएर पाँचौ बनेको छ । एमालेबाट टुक्रिएर १३ प्रदेशसभा सदस्यसहित चौथो बनेको एस यसपटक ७ सिटमा खुम्चिएको हो । यसैगरी, प्रदेशसभामा प्रत्यक्ष र समानुपातिक गरेर नेपाल मजदुर किसान पार्टीले ३ सिट र हाम्रो नेपाली पार्टीले २ सिट प्राप्त गरेको छ । योसँगै यसपटक बागमती प्रदेशसभामा ७ वटा पार्टी आएका छन् । एकसय १० प्रदेश सदस्य रहेको बागमतीमा सरकार बनाउन ५६ सिट आवश्यक पर्छ । ०७४ मा एमाले एक्लैले ५८ सिट प्राप्त गर्दै स्पष्ट बहुमत प्राप्त गरेको थियो ।

बागमती प्रदेशमा नेपाली कांग्रेसबाट कुन्दनराज काफ्ले, रामकुमार पहाडी, छेत्रबहादुर बम्जन, इन्द्रबहादुर बानियाँ, प्रभात तामाङ, मदुकुमार श्रेष्ठ, गोविन्द लम्साल, र मेशकुमार महत, बहादुरसिंह लामा, दीपेन्द्र श्रेष्ठ, सुरजचन्द्र लामिछाने, छिरिङदोर्जे लामा, बिमल ठकुरी, श्रीराम लामिछाने, श्यामबहादुर खड्का, हरिप्रभा खड्की, पुकार महर्जन, सुरेश श्रेष्ठ, मीनकृष्ण महर्जन, रामकृष्ण चित्रकार, तीर्थबहादुर लामा, कञ्चनचन्द्र वादे, मसिना खड्का, कृष्णकुमार तामाङ, उत्तम जोशी, समिता खड्की श्रेष्ठ, लक्ष्मीदेवी श्रेष्ठ, गीता गुरुङ, यमुनादवी श्रेष्ठ, याङ्किला शेर्पा रुइत, माया श्रेष्ठ, शिवराज अधिकारी, उर्मिला नेपाल, मीना पोखरेल, शान्ता ढकाल, विनु रायमाझी पौडेल र सुना परियार निर्वाचित भएका छन् ।

त्यस्तैगरी, नेकपा एमालेबाट भरतबहादुर केसी, एकालाल श्रेष्ठ, जयराम थापा, अमनकुमार मास्के, प्रकाश श्रेष्ठ, केशवप्रसाद पोखरेल, किरण थापामगर, मधुसूदन पौडेल, रामेश्वर श्रेष्ठ, रघुनाथ महर्जन, प्रेमभक्त महर्जन, जगनाथ थपिलया, कृष्णप्रसाद सिलवाल, बिन्दु श्रेष्ठ, माइली तामाङ, सुकुमाया तामाङ, शकुन्तला श्रेष्ठ राजभण्डारी, उर्मिला सुनुवार, आनन्दकुमार श्रेष्ठ, ज्ञानबहादुर तामाङ, ठूला थामी, भारतीकुमारी, अप्सरा चापागाईं, मायाकुमारी कार्की, दिनेशचन्द्र देवकोटा, हरिप्रसाद सापकोटा र बालकुमारी विश्वकर्मा निर्वाचित भएका छन् ।

नेकपा माओवादी केन्द्रबाट युवराज चौलागाईं, तारानारायण श्रेष्ठ, मातृकाप्रसाद भट्टराई, गंगानारायण श्रेष्ठ, प्रेमबहादुर पुलामी, कुमारी मोक्तान, इन्द्र प्रसाद गोतामे, शालिकराम जम्कट्टेल, राधिका तामाङ, रामप्रसाद ढुंगाना, रत्नप्रसाद ढकाल, युवराज दुलाल, सरल सहयात्री पौडेल, ठाकुरप्रसाद ढकाल, देवेन्द्र श्रेष्ठ, उर्मिलाकुमारी लामा, सुष्मा भुजेल, डोल्मा थामी, ईश्वर सापकोटा, अमृता नेपाल र रुकु चौलागाईं निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट डम्बर तामाङ, सुनिल के.सी, राजु विष्ट, राजेन्द्र प्रजापति, उद्धव थापा, नुरज बज्राचार्य, गिरबहादुर तामाङ, कुमारी तामाङ, आशा लामा, धनेश्वरी प्रजापति, मोनिका श्रेष्ठ, भुवनकुमार पाठक र लक्ष्मी घिमिरे निर्वाचित भएका छन् । नेकपा एकीकृत समाजवादीबाट बसन्तप्रसाद मानन्धर, रमा आलेमगर, राजेन्द्रमान श्रेष्ठ, लक्ष्मण लम्साल, कृष्णप्रसाद खनाल, ओमकुमारी श्रेष्ठ र मायादेवी शर्मा निर्वाचित भएको आयोगको निर्वाचन विवरणमा उल्लेख छ । त्यस्तै, नेपाल मजदुर किसान पार्टीबाट सिर्जना सायजू, गीता काफ्ले र सुरेन्द्रराज गोसाईं निर्वाचित भएका छन् भने पहिलो पार्टी प्रदेशसभामा ईन्ट्रि पाएको हाम्रो नेपाली पार्टीबाट शैलेन्द्रमान बज्राचार्य र सरिता खड्गी बिजयी भएका छन् ।

# फापरबारीको मेडिकललाई एक लाख जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकाको फापरबारीमा जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा अनुगमन गरिएको छ ।



बागमती-६, फापरबारी बजारमा शुक्रबार जिल्ला अनुमगन समितिका संयोजकसमेत रहेका सहायक प्रमुख जिल्ला अधिकारी हरिदत्त कँडेलको संयोजकत्वमा बजार अनुगमन भएको हो । फापर बारी बजार पूर्वी क्षेत्रकै सबैभन्दा ठूलो व्यापारिक केन्द्र हो । विगतमा काभ्रे र मकवानपुरबीच यही फापर बारी बजारमा व्यापार आदानप्रदान हुन्थ्यो । काभ्रेबाट धान खरिद गर्न फापरबारी आउने धेरै छन् । अहिले पनि फापरबारी बजारको व्यापार आकार ठूलै छ । प्रशासनले हेटौंडा बजारमा मात्रै अनुगमन सीमित राख्दै आएकोमा अब अनुगमन गाउँ पस्न थालेको छ ।

फापरबारीका विभिन्न ९ वटा व्यवसायमा अनुगमन गरिएको छ । अनुगमनका क्रममा मापदण्ड विपरित सञ्चालनमा रहेका र म्याद गुज्रिएका सामग्री बिक्री वितरणका लागि राखेका विभिन्न ४ वटा पसल/व्यवसायलाई जरिवाना गराइएको छ । फापरबारीमा सञ्चालित कञ्चन मेडिकल हल, बीएन एग्रोभेट, सेवा एग्रोभेट र घलान किराना पसललाई नगद जरिवाना गराइएको छ । अनुमति नलिई क्लिनिक सञ्चालन गरेको, म्याद गुज्रेको औषधि बिक्रीका लागि राखेको, अनधिकृत व्यक्तिले औषधि बिक्री वितरण गरिरहेको पाइएपछि कञ्चन मेडिकल हललाई १ लाख रुपैयाँ जरिवाना गराइएको छ ।

सम्भवत: जिल्ला अनुगमन समितिले एक लाख जरिवाना गराएको थोरै घटनामध्ये यो पनि पर्दछ । बेलाबखत मात्रै हुने अनुगमन र थोरै जरिवानाका कारण व्यवसायहरुमा सुधार आउन नसकेको गुनासो आइरहेको थियो । औषधि व्यवस्था विभागमा दर्ता नभई व्यवसाय सञ्चालन गरेको बीएन एग्रोभेट र सेवा एग्रोभेटलाई क्रमश: २५ हजार र १५ हजार रुपैयाँ जरिवाना गराइएको छ । दुवै पसलबाट म्याद सकिएका विषादि फेला पारी जफत गरिएको छ । म्याद गुज्रिएका खाद्यान्न सामग्री भेटिएको घलान किराना पसललाई १० हजार रुपैयाँ जरीवाना गरिएको अनुगमन समितिले जानकारी दिएको छ । अन्य ५ वटा पसल/व्यवसायलाई सचेत गराइएको छ ।

मकवानपुरका सबै क्षेत्रमा बजार अनुगमनलाई निरन्तरता दिइने सहायक प्रजिअ कँडेलले बताए । अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालय हेटौंडाकी निमित्त प्रमुख टीका शर्मा, उपभोक्ता हकहित संरक्षण मञ्च बागमती प्रदेशका अध्यक्ष बासु खतिवडा, जिल्ला प्रशासन कार्यालय मकवानपुरका नायब सुब्बा महेशकुमार अर्याल, घरेलु तथा साना उद्योग कार्यालय हेटौंडामा कार्यरत् लेखमान रावत, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका सहायक प्राविधिक दीपक घिमिरेलगायत सहभागी थिए ।

# रानीशेरा माविको जन्मोत्सव मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ मकवानपुरगढी गाउँपालिकाको विकट क्षेत्र १ नम्बर वडास्थित रानिशेरामा रहेको रानिशेरा माविले आफ्नो जन्मोत्सव मनाएको छ ।

कान्तिलोकपथ मार्गसँग जोडिएर पनि २०७४ सालअघि सडक सञ्जाल नपुगेको रानिशेरालाई गाउँपालिकाकै विकट क्षेत्रका रुपमा हेरिने गरिएको छ । २०७४ मा स्थानीय सरकार आएपछि मकवानपुरगढी गाउँपालिकाले १ नम्बर वडाको ठाउँ-ठाउँमा सडक तथा झोलुङ्गे पुल, विद्युतीकरणमा विकास गरेको थियो । पूर्वाधार विकासमा उपलब्धि भएपछि १ नम्बर वडाको सदरमुकामको रुपमा रहेको रानिशेराले काँचुली फेरेको छ । सडक सञ्जालको निर्माणसँगै सहज पहुँच स्थापित गरेको १ नम्बर वडा स्थित रानिशेरा माविले जन्मोत्सव मनाएको हो ।

बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामीको प्रमुख आतिथ्यतामा शुक्रबार विद्यालयले ३७ औं जन्मोत्सव कार्यक्रम आयोजना गरेको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका १ नम्बरका वडा अध्यक्ष आइतसिं लोको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । जन्मोत्सव सप्ताह कार्यक्रमको अवसरमा विद्यालयमा यसअघि भएका अतिरिक्त क्रियाकलापका बिजयीहरुलाई पुरस्कृत गरिएको छ । शैक्षिक सत्र २०७८ मा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने छात्र छात्राहरुलाई पुरस्कृत गरिएको छ । विद्यालयका शिक्षकलाई सम्मान गरिएको थियो ।

प्रदेशसभा सदस्य पुलामीले रानिशेरालाई गाउँपालिकाकै उत्कृष्ट विद्यालय बनाउनु पर्नेमा जोड दिए । विद्यार्थी र शिक्षकहरुलाई नियमित पठनपाठनमा ध्यान दिँदै विद्यालयको शिक्षा गुणस्तरीय बनाउन उनको निर्देशन थियो ।

प्रदेश सरकारबाट विद्यालयलाई हुन सक्ने सहयोग गर्न आफू अगाडि बढेर काम गर्ने पुलामीले प्रतिबद्धता जनाएका छन् । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष मानकुमारी पाखिन, गाउँपालिकाका शिक्षा शाखाका प्रमुख रामबहादुर घलान, विद्यालयका प्रधानाध्यापक सुन्दरसिं लोले धारणा राखेका थिए ।

# अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँचसम्बन्धी अन्तर्क्रिया हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँचका अवरोध पहिचानसम्बन्धी अन्तर्क्रिया हेटौंडामा सुरु भएको छ ।

राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश कार्यालय हेटौंडाको आयोजना तथा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश र इन्सेक मकवानपुर हेटौंडाको सहकार्यमा शुक्रबारबाट हेटौंडामा दुई दिने अन्तर्क्रिया सुरु भएको हो । कार्यक्रम राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश अध्यक्ष अस्मीन लम्सालको सभाध्यक्षता भएको थियो ।

कार्यक्रममा बोल्दै उनले प्रदेशमा रहेको सरकारी कार्यलयहरुको भौतिक संरचना परीक्षण गरिएको र प्रतिवेदन तयार भइरहेको बताए । उनले अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहुँच अभिबृद्धिका लागि सरोकारवाला निकायबाट प्रतिबद्धताको अपेक्षा गरिएको बताए । कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघका केन्द्रीय सचिव एवम् अधिवक्ता मुकुन्दहरि दाहालले न्यायमा पहुँचको अवस्था र न्यायमा पहुँचमा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा सम्बन्धी मापण्डबारे जानकारी गराएका थिए ।

यस्तै, इन्सेक बागमती प्रदेश संयोजक गणेशप्रसाद भण्डारीले अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय महासन्धीको धाराहरुको बारेमा प्रष्ट पारेका थिए । अन्तर्क्रिया कार्यक्रममा प्रदेशको विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरुको सहभागिता छ ।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश हेटौंडाका लोकनाथ घिमिरेले कार्यक्रमको मुख्य उद्देश्यमाथि प्रष्ट पारेका थिए । उनले अपाङ्गता भएका व्यक्तिहरुको पहुँच अभिबृद्धि गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताए ।

# बागमतीमा बढ्यो राजश्व संकलन

साझाकुरा संवाददाता

हेटौंडा, १ पुस/ बजेट खर्चमा कमजोर देखिएको बागमती प्रदेश सरकार राजश्व संकलनमा भने अगाडि देखिएको छ ।

चालू आर्थिक वर्ष २०७९/८० को बजेट खर्चमा कमजोर देखिएको बागमती प्रदेश सरकार राजश्व संकलनमा अगाडि देखिएको हो । बागमती प्रदेश सरकारले चालू आवको पहिलो चौमासिकमा आफ्नो आन्तरिक स्रोतबाट १९ दशमलव ११ प्रतिशत राजश्व संकलन गरेको छ । जुन गत आवको यही अवधिको तुलनामा बढी हो ।

गत आव ०७८/७९ को पहिलो चौमासिकमा प्रदेश सरकारले आन्तरिक स्रोतबाट १४ दशमलव ५६ प्रतिशतमात्रै राजश्व संकलन गर्न सकेको थियो ।

गत आवको यही अवधिमा राजश्व बाँडफाँडबाट २१ दशमलव ८७ प्रतिशत राजश्व उठाएको प्रदेश सरकारले चालू आवमा भने २० दशमलव ३२ प्रतिशतमात्रै संकलन गर्न सकेको छ । गत आवको यो अवधिमा संघीय सरकारबाट प्राप्त हुने अनुदान यो अवधिसम्म पाउन नसकेको प्रदेश सरकारले चालू आवमा भने २५ दशमलव १ प्रतिशत पाएको छ ।


## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्धारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन न.:०५७-५२०३१५

## हार्दिक बधाई तथा शुभकामना





२०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा यस संस्थाका संस्थापक शेयर सदस्य **श्री इन्द्रबहादुर बानियाँ**ज्यू प्रत्यक्षतर्फ मकवानपुर जिल्ला प्रतिनिधिसभा २ प्रदेशसभा 'ख' बाट र यस संस्थाका संस्थापक शेयर सदस्य **श्री लक्ष्मी श्रेष्ठ**ज्यू समानुपातिकतर्फ प्रदेशसभा सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई दिँदै उहाँहरुको कार्यकालमा सहकारी क्षेत्रको उन्नयनमा नीतिगत व्यवस्था गर्न उल्लेख्य योगदान पुग्ने अपेक्षासहित कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

डा. गणेश बल लामा (अध्यक्ष) एवम्

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि., परिवार**

हेटौंडा, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना